# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




## महासमिति बैठक सार्दै देउवा



- असोज पहिलो साताको निर्णय- मंसिर १३, १४ र १५ गते
- कात्तिक १९ गतेको निर्णय- मंसिर २९ देखि पुस २
- मंसिर २१ गतेको निर्णय- पुस १६-१९

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विभिन्न बाहना बनाउँदै महासमिति बैठक सार्ने तयारी गरेका छन् । यसअघि विभिन्न कारण तीनपटक सरिसकेको महासमिति पुस १६ गतेका लागि तय गरिएको थियो ।

तर देउवाले चिसोको कारण देखाउँदै महासमिति फेरि सार्ने तयारी गरेको कांग्रेस पदाधिकारीहरू नै बताउँछन् । मंसिर १३ मा बसेको पदाधिकारी बैठकमा सभापति देउवाले महासमिति फागुनमा सार्ने प्रस्ताव गरेका थिए । जाडोको बेला काठमाडौंमा नेताकार्याकर्तालाई ल्याएर दु:ख दिन नहुने भनाई देउवाका थियो । 'महासमिति बैठक सारौं । मध्य पुसमा यति जाडो हुन्छ । पुसको जाडोमै महासमिति बैठक गर्न मरिहत्ते किन गर्ने ? एक दुई महिना सारौं,' देउवाको भनाई उद्धृत गर्दै एक पदाधिकारी भने ।

असोज पहिलो साता बसेको केन्द्रीय समिति बैठकले महासमिति बैठक मंसिर १३, १४ र १५ गतेका लागि तय गरेको थियो । कात्तिक १९ गते बसेको कांग्रेस पदाधिकारी बैठकले जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पको कारण देखाउँदै मंसिर २९ देखि पुस २ सम्म हुनेगरी नयाँ मिति तय गरिएको थियो । कांग्रेसले फेरि मंसिर २१ मा पार्टी केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी महासमिति बैठक पुस १६-१९ मा सरेको बताए ।

महासमितिका लागि देशभर सम्मेलन जारी भए पनि कतिपय जिल्लामा अझै बाँकी नै छ । जसकारण पनि महासमितिको मिति पर धकेलिने नेताहरू बताउँछन् । यसैगरी राष्ट्रिय सभाको रिक्त १९ पदका लागि निर्वाचन हुँदैछ । जसका लागि उम्मेदवार चयन र निर्वाचन कार्यक्रममा सहभागी हुनुपर्दा महासमिति सर्न सक्ने नेताहरू बताउँछन् ।

महासमिति बैठक पटकपटक सारिन जायज नभएको बताउँछन् संस्थापनइतरका केन्द्रीय सदस्य मधु आचार्य । 'महासमिति सार्नु जायज होइन । बमबारुद झेलेको कांग्रेसका लागि जाडो भयो भनेर बैठक सार्न औचित्यहीन कुरा हो,' आचार्यले प्रभावसँग भने । तयारी नपुगे यसका लागि नयाँ मिति ठीक हुने उल्लेख गर्दै उनले पुस १६ मै महासमिति हुनुपर्ने तर्क गरे । 'तयारी पुगेको छैन भन्न मिल्यो, नभए तोकेको समयमा महासमिति हुनुपर्छ,' आचार्यले भने ।

(क्रमश: पृष्ठ २ मा)

# न्यायको याचनामा आमाछोरा



- २५ भदौ २०७२ मा मधेस आन्दोलनको क्रममा घाइते सशस्त्रका असई थमन विकको एम्बुलेन्सबाटै थुतेर आन्दोलनकारीले निर्मतापूर्वक हत्या
- श्रीमती शोभा र १२ वर्षीय छोरा सुबोध थमनलाई न्याय दिलाउन भन्दै काठमाडौंमा
- हत्या आरोपी निलम्बित एमाले सांसद लक्ष्मी महतो कोइरी फरार



लक्ष्मी महतो कोइरी



थमन विक

■ **जेबी योञ्जन**

**काठमाडौं–** शोभा विक घरिघरी सपनामा श्रीमान् थमनलाई देख्छिन् । बिउँझिदा साथमा हुन्नन् । अनि, थमनलाई सम्झिँदै सुँकसुकाउँछिन् । आँखा आँसुले भरिन्छन् । उनको यस्तो नियती आठ वर्षदेखिको हो ।

शोभालाई झल्झली याद छ कि थमनले २४ भदौ २०७२ को राति फोनमा भनेका थिए, 'म ठिक छु है । तिमीले केही पीरचिन्ता नलिनु ।' यसो भनेका थमन भोलिपल्टै क्रुरतापूर्वक ढंगले मधेसका आन्दोलनकारीहरूबाट मारिए । त्यसबेला सामाजिक सञ्जालमा भाइरल एउटा भिडियोमा घाइते थमनलाई उपचारका लागि लगिँदै गरेको एम्बुलेन्सबाटै थुतेर आन्दोलनकारीहरूले अन्तत: खेतमा लखेटीलखेटी छुरा प्रहार गरी हत्या गरेको दृश्य देखिएको थियो । घटना महोत्तरीको जलेश्वरको हो । जबकि, श्रीमती शोभा भने पाँच दिनपछि हुने तीजमा श्रीमान् थमनको दीर्घायूको कामना गर्दै ब्रत बस्ने तयारीमा थिइन् । त्यसका लागि दरको सामान किन्न बजार गएकी थिइन् ।

साँझ घरमा रेडियोमा समाचार सुनियो, 'जारी मधेश आन्दोलनको क्रममा आन्दोलनकारीहरूद्वारा सीमा सुरक्षा कार्यालय जलेश्वरमा कार्यरत सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकको हत्या ।' शोभाका अनुसार त्यसपपछि के भयो ? उनैलाई थाहा छैन । उनले प्रभावसँग भनिन्, 'अर्धचेत अवस्थामै श्रीमानको काजकिरिया गरें ।'

थमनको हत्या हुँदा शोभाको कोखमा साढे वर्षका दूधे छोरा सुबोध थिए । अहिले १२ वर्षका भएका छन् । बाँकेको नेपालगञ्ज-२५ शान्तिपुरका सुबोधलाई आफ्ना बुबाको हत्या भएको भन्नेबाहेक केही पनि थाहा छैन । यो पनि उनलाई आमा शोभाले भनेकी हुन् ।

उनै शोभाको आँखा आठ वर्षदेखि ओभाएका छैनन् । आमाको आँखामा देखिने आँसुले सबैभन्दा बढी सुबोधलाई पिरोल्छ । उनी आँसु पुछिदिन्छन् । उसो त उनको हुर्काई नै आमाको रोदन र आँसु देखेर भएको हो । त्यही भएर होला सायद न्यायका लागि आमाको साथ लागेर काठमाडौं आएका उनले पत्रकारहरूसँग घटनाको फेहरिस्त सुनाउँदै गर्दा भक्कानिएकी आमाको आँसु पुछ्दै भने, 'नरुनु आमा, न्याय पाउँछौं होला ।'

यसपछि सुबोध बोल्न सकेनन् । आँखा आँसुले टिलपिल भयो । आमा शोभा भावविव्हल भइन् । यस्तो कारुणिक दृश्य आइतबार काठमाडौंमा देखिएको हो । २८ वर्षमै विधुवा बनेकी शोभाको एउटै माग छ, 'थमनको हत्यामा संलग्नलाई सजाय होस् ।' थमनको हत्या आरोपी भने लक्ष्मी महतो कोइरी हुन् । मधेस आन्दोलनका बेला उनी मधेसी जनअधिकार फोरमबाट राजनीति गर्थे ।

तर, गत वर्षको चुनावअघि उनी एमालेमा प्रवेश भए । ४ मंसिर २०७९ मा भएको चुनावमा माओवादी नेता गिरिराजमणि पोखरेललाई पराजित गर्दै प्रतिनिधिसभा सदस्य बने । उनी हाल निलम्बित छन् । प्रहरीका अनुसार उनी फरार छन् । उसो त उनी संसद् बैठकमै तीनपटक सहभागी भएका थिए । प्रतिनिधिसभा सदस्य निर्वाचित भएपछि पद तथा गोपनीयताको शपथ ग्रहण गर्न र प्रधानमन्त्री पुष्पकमल दाहाललाई पहिलोपटक विश्वासको मत दिन । जबकि उनी प्रहरीको फरार सूचीमा थिए ।

तर, प्रहरीको सुरक्षा पहराबीच उनी संसद् बैठकमा जान्थे । संसद् बैठकमै कांग्रेस सांसद रामहरि खतिवडालगायतले हत्या आरोपी सांसद महतोलाई पक्राउ नगरिएको भन्दै प्रश्न गरेका थिए । पत्रकारहरूको 'समाचार निशाना'मा पनि कोइरी परेका थिए । त्यसपछि भने उनी संसद् बैठक आउन छाडे । संसद् सचिवालयले उनलाई निलम्बन गरेको सूचना प्रकाशन गरिसकेको छ ।

यति हुँदाहुँदै पनि कोइरीलाई पक्राउ गरिएको छैन । पीडित परिवारले न्याय पाएका छैनन् । न्यायका लागि दबाब दिन उनीहरू काठमाडौंमा आएका छन् । घटना भएको आठ वर्ष बित्दासम्म न्याय नपाएपछि सरकारसँग शोभा आक्रोशित छिन् ।

'झडपमा घाइते भएका मेरा श्रीमानलाई उपचारका लागि जनकपुर लैजाने क्रममा एम्बुलेन्सबाटै थुतेर धानखेतमा लखेटीलखेटी मारियो । ड्युटीको समयमा मारिएका मेरा श्रीमानका हत्यारालाई संरक्षण गरेर बसेको सरकारलाई म के प्रश्न गरौं', शोभा भन्छिन्, 'यदि सरकार थियो भने यतिबेला मेरो घाउमा खाटा बस्न पाउनु पर्थ्यो । तर, सरकार त मेरो घाउमा खाटा लागोस् अनि त्यही खाटा उप्काएर दुखाइदिनु पर्छ भनेर कुरिबसेको छ ।' महतोविरुद्ध हाल उच्च अदालत जनकपुरमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा विचाराधीन छ । अदालतले १९ मंसिर २०७७ मा महतोलाई पक्राउ गरेर पुर्पक्षका लागि थुनामै राख्न आदेश दियो । तर, अझै उनी पक्राउ परेकै छैनन् ।

(क्रमश: पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

## सात महिनामा ८६१ ठगीका उजुरी, पीडितलाई ४ करोड बढी क्षतिपूर्ति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पछिल्लो सात महिनाको अवधिमा वैदेशिक रोजगारीसम्बन्धी ८६१ वटा ठगीको उजुरी परेको वैदेशिक रोजगार विभागले जनाएको छ । विभागका महानिर्देशक मदन दाहालले आफ्नो सात महिने कार्यकालमा भए गरेका क्रियाकलापको विवरण सार्वजनिक गर्दै वैदेशिक रोजगारसम्बन्धी यी उजुरी परेको बताएका हुन् ।

यससम्बन्धमा विभागले आइतबार विज्ञप्ति जारी गर्दै २०८० जेठ महिनाको ४ गतेदेखि अहिले (मंसिर २४ गते) सम्म वैदेशिक रोजगारसम्बन्धी संस्थागत (म्यानपावर कम्पनी) रूपमा २६९ र व्यक्तिगत रूपमा ५९२ वटा उजुरी दर्ता भएको उल्लेख गरेको छ । यस अवधिमा ३२ वटा नयाँ म्यानपावर कम्पनी दर्ता भएका छन् भने १६ वटा निलम्बनमा परेका छन् । त्यसैगरी ३२ वटा म्यानपावर कम्पनीको कारोबार रोक्का गरिएको विभागले उल्लेख गरेको छ । यतिमात्र नभइ वैदेशिक रोजगारसम्बन्धी न्यूनतम प्रचलित कानुनको परिपालना नगर्ने र विदेश जाने श्रमिकहरूको हित विपरीत कार्य गर्ने २ वटा म्यानपावर कम्पनीको इजाजतपत्रसमेत रद्द गरिएको छ ।

> २०८० जेठ महिनाको ४ गतेदेखि अहिले (मंसिर २४ गते) सम्म वैदेशिक रोजगारसम्बन्धी संस्थागत (म्यानपावर कम्पनी) रूपमा २६९ र व्यक्तिगत रूपमा ५९२ वटा उजुरी दर्ता भएको

म्यानपावरले ठगी गरेको उजुरीतर्फ १६२ उजुरीको मिलापत्र भएको विभागले जनाएको छ । जसमा पीडितले क्षतिपूर्ति बापत दुई करोड ९२ लाख ६१३ रूपैयाँ पाएको बताइएको छ । बाँकी रहेको उजुरी संख्या आवश्यक कारवाहीको लागि प्रक्रियामा रहेको विभागले उल्लेख गरेको छ । यसैगरी व्यक्तिगत उजुरीतर्फ ५९२ मध्ये अदालतमा ६० वटा मुद्दा दायर भएको र मिलापत्रको संख्या ६८ रहेको छ । व्यक्तिगत ठगीको उजुरीमा २३ करोड २७ लाख ९७ हजार रूपैयाँ ठगी भएको दावी गरिएको छ भने अदालतमा दायर भएको उजुरीको मुद्दामा पाँच करोड १७ लाख ८६ हजार ५० रूपैयाँ क्षतिपूर्ति रकम दावी गरिएको छ । यस्तै व्यक्तिगत ठगीका घटनामा मिलापत्रपश्चात दुई करोड १४ लाख ९६ हजार १०० रूपैयाँ पीडितले भुक्तानी पाएको विभागले उल्लेख गरेको छ ।

आफ्नो झण्डै सात महिने कार्यकालको समिक्षा गर्दै महानिर्देशक दाहालले वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परेका, अलपत्र परेका, रोजगारदाताहरूले सम्झौता बमोजिम काम र तलब सुविधा नपाएका कामदारहरूको सम्बन्धमा विभागले अभिभावकीय भूमिका निर्वाह गरेको बताएका छन् । पछिल्लो समय विभागलेगरेको तीव्र अनुगमन तथा अनुसन्धानको कारण वैदेशिक रोजगार पीडितहरूको उत्साहत मनोवल बढ्दै गएको पनि उनले उल्लेख गरेका छन् ।

गत जेठ २ गते विभागमा महानिर्देशकको जिम्मेवारी सम्हाल्न आएका दाहाललाई गत शुक्रबारमात्रै श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा सरुवा गरिएको छ । उनले म्यानपावर कम्पनीहरूमाथि कडा निगरानी गर्दै गलत गर्नेहरूको लाइसेन्स खारेज गर्नेदेखि लिएर निलम्बन गर्ने सम्मको काम गरेका थिए । जसले गर्दा विभिन्न शक्तिको दवावमा उनको सरुवा भएको विभाग स्रोतको दावी छ ।

## ठगी गर्ने दुइ पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि अमेरिका र साउथ अफ्रिका पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिसँग रकम ठगी गर्ने दुई जना पक्राउ परेका छन् । उक्त मुलुकहरूमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा अभिषेक श्रेष्ठ र अन्जेश गिरी रहेका छन् ।

बर्दियाको मधुवन नगरपालिका-६ घर भई ललितपुर गोदावारी नगरपालिका-१० बस्ने ३० वर्षीय श्रेष्ठले नवीन खड्कालाई अमेरिका पठाई प्रतिष्ठित होटलमा मासिक ३ लाख रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पटक पटक गरी आठ लाख रूपैयाँ ठगी गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरीले जनाएको छ । उनलाई खोजतालासका क्रममा लगनखेलबाट पक्राउ गरिएको बताइएको छ ।

त्यस्तै झापा बिर्तामोड नगरपालिका-४ घर भई काठमाडौं गौरीघाट बस्ने १८ वर्षीय गिरीले विजय खत्रीसमेत दुई जनालाई साउथ अफ्रिका पठाई प्रतिष्ठित कम्पनीमा मासिक एक लाख २० हजार रूपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पटक पटक गरी १७ लाख रूपैयाँ ठगी गरेको खुल्न आएको छ । उनलाई खोजतालसको क्रममा सिनामंगलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।



# आयोगका सिफारिस कार्यान्वयन गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले मानव अधिकार आयोगले गरेका सिफारिस शतप्रतिशत कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । राष्ट्रिय मानव अधिकार आयोगले ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले आयोगका सबै सिफारिस कार्यान्वयनका लागि आफूले प्रयत्न गर्ने बताए ।

प्रधानमन्त्री दाहालले संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गरी पीडितलाई अनुभूत हुनेगरी न्याय दिलाउन सरकारले निरन्तर काम गरिरहेको र राजनीतिरूपमा पनि आफूले प्रयास गरिरहेको बताए। उनले आयोगलाई सशक्त र प्रभावकारी बनाउन सरकारबाट हरसम्भव सहयोग हुने बताए ।



प्रधानमन्त्री दाहालले सरकार मानव अधिकार संरक्षणप्रति प्रतिबद्ध रहेको र मानव अधिकारको संरक्षणका लागि संविधानमा नै ३१ वटा मौलिक हकको व्यवस्था गरिएको बताए । आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगले गरेका सिफारिस १५.३ प्रतिशत मात्र पूर्णरूपमा कार्यान्वयन भएका बताउँदै संवैधानिक आयोगका सिफारिस कार्यान्वयनलाई प्राथमिकतामा राख्न आग्रह गरे । मगरले २०७२ को भूकम्पका कारण क्षति भएको आयोगको भवन निर्माण नहुँदा दैनिक कार्यसम्पादनमा प्रभावित भएको गुनासो गरे । अध्यक्ष मगरले संक्रमणकालीन न्यायमा ढिलाइ भएकाले त्यससम्बन्धी प्रक्रिया चाँडो अघि बढाउन आग्रह गरे ।

गैरसरकारी महासंघका अध्यक्ष रामप्रसाद सुवेदीले वर्तन संविधान उत्कृष्ट भए पनि संवैधानिक संयन्त्र र कार्यान्वयनको अवस्था कमजोर रहेका बताए । उनले राज्यका संयन्त्रले प्रभावकारीरूपमा काम नगर्नाले गणतन्त्रप्रति निराशाजनक अभिव्यक्ति आएको बताए । पन्ध्रौं मानव अधिकार महाभेलाका संयोजक दीपक सोनीले संमणकालीन न्यायलाई पूरा गर्न सरकार प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिँदै हरेक नागरिकको मानव अधिकार सुनिश्चित गर्न प्राथमिकता दिनुपर्ने माग गरे ।

मानव अधिकार पुरस्कार बाजुराका सञ्चार तथा स्वास्थ्यकर्मी प्रकाशबहादुर सिंहलाई ५० हजार रूपैयाँ र मानव अधिकारकर्मी भवानीकुमारी कोइरालालाई ५० रूपैयाँको दयाराम स्मृति सम्मान प्रदान गरिएको छ । आयोगका सदस्य लिली थापाले पीडितलाई क्षतिपूर्तिका लागि आयोगले गरेको सिफारिस कार्यान्वयन नभएकोप्रति प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

## पृष्ठ १ बाट क्रमशः

### न्यायको याचनामा ...

जिल्ला अदालत महोत्तरीले २ असोज २०७६ मा महतोलाई एक लाख रूपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो । धरौटी रकम ब’’झाएर उनी थ’’नाम’क्त भएका ह’न् । त्यसपछि दल परिवर्तन गर्दै सांसद भए । हाल निलम्बित अवस्थाका उनलाई पक्राउ गरेर थ’नामा नराखिएपछि शोभाले न्यायको अन’भूति गरेकी छैनन् ।

‘एउटा गरिब परिवारको छोरो किन मारियो ? ठीक छ, मारिएको हाम्रो मान्छे फर्काइदेऊ भनेको छैन, कम्तीमा बीभत्स तरिकाले हाम्रो मान्छेको हत्या गर्ने दोषीलाई कारबाही गर भन्दा पनि किन हाम्रो बेवास्ता गरिन्छ ? के यो देशमा क’नै राजनीतिक पावर नह’ने हामीले चाहिँ न्याय नपाएरै मर्न‘ पर्ने हो ?’, शोभाको प्रश्न छ। श्रीमान् थमनका लागि न्यायको लडाइँ जीवनको अन्तिमसम्मै लड्ने उनको वाचा छ। के शोभा र स’वोधले न्याय पाउँलान् ?

### महासमिति बैठक ...

कांग्रेस अझै तजबिजीमा चल्न थालेकोले आफूहरूले रूपान्तरण अभियान सञ्चालन गरेको उल्लेख गर्दै उनले यस्तो प्रवृत्तिले थप कमजोर हुने बताए ।

कांग्रेसले महासमिति बैठकका लागि सभापति देउवाको नेतृत्वमा मूल आयोजक समिति, उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा नीति निर्माण समिति, महामन्त्री थापाको नेतृत्वमा सांगठानिक प्रतिवेदन र महामन्त्री शर्माको नेतृत्वमा समसामयिक राजनीतिक प्रस्ताव समिति गठन गरेको थियो ।

महासमिति बैठकमा विशेष गरी सैद्धान्तिक विषयमा छलफल हुन्छ । पार्टीले लिने नीतिबारे समूहगत रूपमा छलफल गर्ने तयारी पनि छ । ०७८ मंसिरमा भएको महाधिवेशनमा कांग्रेसले नेतृत्व अधिवेशन मात्रै गरेर नीति अधिवेशन पछि गर्ने निर्णय गरेको थियो । प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले पुसको चिसोमा महासमिति बैठक नगरौं भन्ने खालका सुझाव आए पनि यसबारे औपचारिक निर्णय नभएको बताए । मंसिर २९ गते बस्ने पदाधिकारी बैठकले यसको निधो गर्ने उनले बताए ।

# नेपाल पुकार पुन प्रकाशित

**ललितपुर–** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल पुकार पत्रिकामार्फत कांग्रेसका गतिविधि जनतासम्म पुग्ने बताएका छन् । नेपाली कांग्रेस केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागद्वारा आइतबार केन्द्रीय कार्यालयमा आयोजित पत्रिका लोकार्पणका अवसरमा सभापति देउवाले जनताले सो पत्रिकामार्फत कांग्रेसबारे जानकारी हासिल गर्न सक्ने बताए ।

‘नेपाल पुकार जनतामा लोकप्रिय हुनेछ भन्ने विश्वास छ । यो पत्रिका पढ्नेले नेपाली कांग्रेसबारे जानकारी प्राप्त गरी कांग्रेसबारेमा आफ्नो धारणा बनाउने छन्। यसले पार्टीका गतिविधिहरू जनतासमक्ष पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ’, सभापति देउवाले भने ।

त्यस अवसरमा पार्टी उपसभापति तथा कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले अहिले नेपालमा सुशासनको राजनीतिको खडेरी परेको अवस्थामा नेपाल पुकारको नयाँ अंक सुशासन विशेषांकका रूपमा आउनुपर्ने धारणा राखे । ‘अहिले सुशासनको राजनीतिको खडेरी परेको अवस्था छ । यो अवस्था सुशासनका बिषयमा केन्द्रित रहेर अर्को अंक आउनुपर्छ। चुनावमा जिताइ देउ भन्ने मात्रै हाम्रो मिसन होइन, सुशासन पनि हाम्रो मिसन हो । यसका लागि हामीले संस्कार र राजनीति प्रवृत्तिमा बदल्न आवश्यक छ’, उनले भने । गुरुङले गरिबी, रोग, भोक र अशिक्षा हाम्रो प्रमुख शत्रु हो भन्ने आधारमा अगाडि बढ्नुपर्छ भन्दै नेपाली राजनीतिलाई सुदृढीकरण गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

कांग्रेस महामन्त्री गगन थापाले कुशासनले नागरिक आजित भएको भन्दै नेपाल पुकारले यसका पात्र, प्रवृत्ति र घटनाको चित्रण गर्दै जनतामा सही सन्देश प्रवाह गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताए ।

‘नेपाली कांग्रेस समुन्नतिबारे जनतामा जानकारी प्रवाह गर्न चाहन्छ । नेपाली कांग्रेसले गरेका हरेक काम जनतामा पुऱ्याउन पत्रिकाले महत्वपूर्ण काम गर्ने छ भन्ने विश्वास छ’, उनले भने, ‘हामीले यो पत्रिका पार्टीको स्रोतबाट विज्ञापन नराखेरै चलाउन चाहेका छौँ । यसले सार्थकता पाउन नेपाली कांग्रेसका जनप्रतिनिधिहरूले सहयोग गर्नुहुनेछ भन्ने विश्वास छ ।’

पार्टीका सहमहामन्त्री उमाकान्त चौधरीले कांग्रेसको वैचारिक सन्देश प्रवाह गर्न यस पत्रिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा विश्वास राखे । पूर्वउपसभापति गोपालमान श्रेष्ठ, प्रचारप्रसार विभागका पूर्वप्रमुख मीनेन्द्र रिजाल, नगरपालिका महासङ्घका तर्फबाट निलकण्ठ नगरपालिका धादिङका प्रमुख भीम ढुङ्गाना, प्राध्यापक पुरुषोत्तम दाहालगायतले सो अवसरमा धारणा राखेका थिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Ali bin Hashem Al Hussein Operation and Maintenance Company
पूर्व स्वीकृति मिति २०७९/०८/२४ LT. No. 296293 चलानी नं. ६०२११२५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1000 | ३५६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 31 | 0 | 1000 | ३५६०५ | | | | | | | |

कम्पनी : Ali bin Hashem Al Hussein Operation and Maintenance Company
पूर्व स्वीकृति मिति २०७९/०८/२४ LT. No. 296294 चलानी नं. ६०२११२५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 48 | 0 | 1000 | ३५६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Avion Human Resource Management Pvt. Ltd.
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4599632, 4584744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.
श्रम इजाजत नं. १५२४/०७४/७५



नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
कारागार कार्यालय
नुवाकोट, विदुर ढुंगे
फोन : ०१-५६०४५४

## सोना मन्सुली (मोटा) चामल आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**सूचना नं.०१/०८०-०८१ (प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२५)**

यस कारागार कार्यालय नुवाकोटको कारागार बन्दीगृहमा २०८१ साल पौष मसान्त सम्ममा थुनामा रहेका पुरुष तथा महिला कैदीबन्दी र थुनुवा समेत औसतमा १८० जना (समय समयमा घटबढ हुन सक्ने) को लागि २०८० साल माघ १ गते देखि २०८१ साल पौष मसान्त सम्म सिदा बापत सोना मन्सुली (मोटा) चामल कारागार ऐन तथा नियमावली बमोजिम कैदीबन्दीहरुलाई तोकिएको स्केल बमोजिम उपलब्ध गराउन आवश्यक्तानुसारको परिमाणमा पटक-पटक रुपमा आपुर्ति गर्नको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्रमा यस कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय नुवाकोटबाट रु.३,०००/- पछि फिर्ता नहुने गरी राजस्व दस्तुर दाखिला गरी बोलपत्र खरिद गर्न सकिनेछ र ३१ औं दिनको ठिक १२:०० बजे भित्रमा जमानत रकम नगद, धरौटी वा मान्यता प्राप्त बैंकहरुको बैंक ग्यारेन्टी समेत साथै राखी उल्लेखित चामलको नमुना संलग्न गरी सिलबन्दी बोलपत्र पेश गर्न हुन इच्छुक योग्य खाद्यान्न आपुर्ति फर्म तथा सप्लार्यसहरुलाई आव्हान गरिन्छ । यस सूचनामा उल्लेख भएका विषयहरु यसै सूचना बमोजिम र उल्लेख नभएका विषयहरुको हकमा बोलपत्र सम्बन्धी फारम साथ उपलब्ध हुने सूचना तथा शर्तहरु एवं सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ। साथै यस सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको सूचना पाटीमा टांस भए बमोजिम हुनेछ ।

| सि.न. | खरिद हुने मालसामानको विवण | लागत अनुमान रकम रु. (मु.अ. कर बाहेक) | जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १. | सोना मन्सुली (मोटा) चामल | २६,७६,२४०।- | ७२,०००।- | ३,०००।- |

कारागार प्रमुख (जेलर)



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QARSH CONTRACTING EST.
पुर्व स्वीकृति मिति : २०८०/०८/२४ LT. No. 296152 चलानी नं. : ६०२११२४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780, 9817347062
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com
श्रम ईजाजत नं १५७०/०७९/८०



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW TOP CHOICE CLEANING
पूर्व स्वीकृति मिति २०७९/०९/२१ पूर्व स्वीकृति मिति २०८०/०८/२४ LT. No. 278935 चलानी नं. ६०१९४४३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 10 | 0 | 1000 | ३५,५६० | | | | | | | |
| 3 | Marketing | 1 | 0 | 3500 | १२४,४५५ | | | | | | | |
| 4 | Salesman | 1 | 0 | 1500 | ५३,३३५ | | | | | | | |
| 5 | Store Keeper | 1 | 0 | 2000 | ७१,११५ | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ८८,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं.८३३/०६६/०६७



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWADER INTERNATIONAL EMPLOYMENT SERVICES
पूर्व स्वीकृति मिति २०८०/०८/२४ LT. No. 296218 चलानी नं.६०२०९९९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 150 | 0 | 900 | ३२७२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUCCESS MANUFACTURING SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०४/१६ पूर्व स्वीकृति मिति २०८०/०८/२४ LT. No. 290170 चलानी नं. ६०२०५५२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 9 | 0 | 1500 | ४२९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : K-FORCE SECURITY SERVICES SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/०१/१४ पूर्व स्वीकृति मिति २०८०/०८/२४ LT. No. 285313 चलानी नं. ६०२००७४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 83 | 6 | 1500 | ४२९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६८४/०६३/०६४



## Kuwait मा बैदेशिक रोजगारको अवसर

1. Company: YUSUF AHMED ALGHANIM & SONS CO.WLL, Kuwait पून:विज्ञापन
१. पूर्व स्वीकृति मितिः- २०७९।०३।१४ च. न.:-६०१८२०६५ LT No:- 265827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलव KD | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Labor | 50 | - | काममा दक्ष | 85 | ३६,५२५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Outdoor Labor | 50 | - | | 95 | ४०,८२०।- | | | | | | | |
| 3 | Gardener | 19 | - | | 95 | ४०,८२०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

अन्तर्वार्ता २०८० पौष २ गते (18 December, 2023) मेनपावर कार्यालय बसुन्धरामा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

काठमाण्डौ ओभरसिज प्रा. लि.
KATHMANDU OVERSEAS PVT. LTD.
बसुन्धरा, काठमाण्डौ, फोन नं. ०१-४५४५३९५, ४५४५३९६,
Email: kathmandumanpower@gmail.com
श्रम इजाजत नं. २६५/०५८/०५९

## जाजरकोट भूकम्पको एक महिना

# भूकम्पपीडित अझै खुला आकाशमुनि

■ हेमन्त केसी

**जाजरकोट–** गत कात्तिक १७ गते मध्यरातमा गएको भूकम्पमा घर गर्ल्यामगुर्लुम ढलेसँगै यहाँका नागरिक खुला आकाशमा बस्न थालेको महिना दिन पूरा भयो । आर्थिकरूपमा विपन्न त्रिपालकै सहारामा खुला आकाश मुनि अनेकन पीडालाई लुकाउदै बस्न बाध्य छन् ।

'राज्यले भूकम्प पीडितलाई अवास निर्माण गर्न रकम निकासा दिइसक्यो, अब अस्थायी टहरा निर्माण मंसिरभित्र हुन्छ' भन्ने भनाइ सार्वजानिक भए पनि पीडित परिवारको खास पीडामा अझै मल्हम लाग्नसकेको छैन । घाइतेका उद्धार तथा उपचारमा जुन गतिमा तीनै तहका सरकार लागेका थिए, सोही गतिमा अस्थायी आवास निर्माणको कामले गति लिन नसक्दा सर्वसाधारण समस्या छन् । संघीय सरकारले दिने भनेको ५० हजार रूपैयाँसमेत दुई किस्तामा निकासा दिने भनेपछि झन् पीडितहरू हैरान भएका छन् । उक्त रकम लिन आउँदा र जाँदामात्र धेरै खर्च हुने अवस्था छ ।

गत कात्तिक २६ गते नै स्वीकृत कार्यविधिअनुसार संघीय सरकारले अस्थायी आवास निर्माण गर्नका लागि ५० हजार रूपैयाँ दिने र त्यसका लागि मापदण्ड तोक्दै तत्काल काम गर्न स्थानीय तहलाई भने पनि त्यो मापदण्डअनुसार काम भएको छैन । वडाबाट लागत सङ्कलन गरेको विवरण स्थानीय विपद् व्यवस्थापन समिति हुँदै जिल्लाको विपद् व्यवस्थापन समितिसम्म पुग्न तीनवटा भागमा जोडिनुपर्ने बाध्यता छ । कार्यविधिसमेत दुईपटक संशोधन हुँदा दुईपटक तथ्याङ्क सङ्कलनको काम स्थानीय तहले गर्नुपरेको छ । यसका कारण सरकारले दिने



भनेको रकम अझै ढिला हुन गएको छ ।

नलगाड नगरपालिका–८ स्वाराकी ३१ वर्षीया विष्णु खत्रीको घर भूकम्पले चिराचिरा बनाएपछि खुला आकाशमा राखिएको त्रिपालमा बस्दै आएकी छिन् । उनका श्रीमान्को दुई महिना अगाडि मात्रै शल्यक्रिया गरेका कारण चिसोले समस्या भएको छ । चिसोले गर्दा शल्यक्रिया गरेको उनको घाउ दुख्नेलगायतका समस्या देखा पर्न थालेको छ । 'जब साँझ पर्न थाल्छ, शीतको थोपाले त्रिपाल भिजिहाल्छ । अनि चिसो सिधै भित्र आउँछ,' उनले भने । यहाँको मुख्य बस्ती हल्चौरमा करिब चार सय ५० घरधुरी छन् । ठूलो बस्ती छ । परम्परागत तरिकाले निर्माण गरिएका घर ढुङ्गा, माटोले बनेका छन् ।

त्यस्तै नलगाड–१ कल्पतकै रविना नेपालीको घर भत्किएर अहिले खुला आकाशमा त्रिपालकै सहारामा बस्दै आएका छन् । आर्थिक अवस्था कमजोर भएका कारण आफैँ तत्काल जस्तापाता किन्ने अवस्था छैन भने अर्को उधारो पाइने नजिक बजार पनि छैन । स्वयंसेवक आएर निर्माण गरिएका अधिकांश आवास काठको प्रयोग गरेरै बनाएका छन् । छानाबिनाका घर भएका कारण समस्या हुँदै आएको छ । बस्तीका धेरैजसो नागरिकका घर ढुंगामाटोकै थिए । जस्तापाता हाल्न सक्ने अवस्था भएका केही स्थानीयले टहरामा छानो पनि छाइसकेका छन् । तर नहुनेहरू भने टहरा ठडिए पनि हस्तान्तरण हुनसकिरहेका छैनन् । दिनानुदिन बढिरहेको चिसोले पालमुनिको बसाइ निकै कष्टकर बनिरहेको भए पनि राज्यले दिनुपर्ने अनुदान समयमा नदिँदा जस्तापातालगायत निर्माण सामग्री अभाव रहेको प्रभावित क्षेत्रमा खटिएका स्वयंसेवक बताउँछन् । त्रिपालमा बसेकालाई चिसो छेक्नका लागि न्यानो कपडा छैनन् । भूकम्पले प्रभावित बस्ती जाजरकोटको रावतगाउँ, रिम्ना, रुकुम पश्चिमअन्तर्गतका छेपारे, ज्यामिरेलगायतका बस्तीमा पुग्दा निर्माण गरिएका अस्थायी आवासमध्ये धेरैजसोको छानो नहुँदा काठ ठिंग उभ्याएका छन् ।

रुकुम पश्चिम र जाजरकोटमा मात्रै ६० हजारभन्दा बढी अस्थायी आवास आवाश्यक पर्छ । तर अहिलेसम्म २० प्रतिशत पनि निर्माण हुन नसकेको सरोकारवाला बताउँछन् । यहाँ नेपाली कांग्रेस ,नेकपा (एमाले) नेकपा (माओवादी केन्द्र )ले आवास निर्माण सहयोग गरिराखेका छन् । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी नेकपा (एकीकृत समाजवादी), नेत्रविक्रम चन्द विप्लव निकट नेकपा अन्य साना राजनीतिक दलले पनि आवास निर्माणमा सहयोग गरिरहेको देखिन्छ । यद्यपि दलहरूले बनाएका अस्थायी आवासको वास्तविक तथ्याङ्क न राजनीतिक दलसँग नै छ, न सरकारी निकायसँग ।

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका–१४ को छेपारे बैभन्दा बढी भूकम्पबाट प्रभावित बस्ती हो, यहाँ अहिलेसम्म नागरिक त्रिपालमै छन् । स्थानीय राधिका नेपाली भन्छिन्, 'घरहरू पन्छाउने काम भएको छ, आवास कहिले निर्माण हुने हो कुनै पत्तो छैन । चिसोले मरिने हो कि भन्ने चिन्ता बढ्न थाल्यो ।'

आवास निर्माणभन्दा भग्नावशेष घरलाई पन्छाउने कार्यमा भने दलहरूले सक्रियताका साथ सहयोग गरिरहेको देखिन्छ । जाजरकोट र रुकुम पश्चिम दुवै जिल्लामा राजनीतिक दल र तीनका सङ्गठनले निर्माण गरेका अस्थायी आवासमध्ये अधिकांश छानोबिनाका छन् । जस्तापाता भएका घरमा त्यही जस्तापाताको प्रयोग गरेर छानो हाल्ने काम भए पनि नहुनेको टहराको छानो छैन । दलहरूले आवास निर्माणमा बाहिर प्रचार गरेजस्तै काम भएको भए यतिबेलासम्म आधाभन्दा बढी प्रभावित त्रिपालमुक्त भइसक्ने थिए । तर आवास निर्माण गरिएका स्थानका नागरिक पनि अपूर्ण आवासका कारण त्रिपालमै बस्न बाध्य छन् । प्रारम्भिक विवरणअनुसार जाजरकोट र रुकुम पश्चिममा करिब ६० हजार बढी घरमा क्षति भएको छ ।

भूकम्पबाट धेरै प्रभावित नलगाड नगरपालिकामा तथ्यांक सङ्कलनको काम जारी छ । केही ठाउँमा सम्झौताका कामसमेत भइरहेको नगरप्रमुख डम्बरबहादुर रावतले बताए । आफ्नो पालिकामा कसले कत्ति घर बनाए भन्ने कुनै तथ्याङ्क नभएको उनले जानकारी दिए । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FATIMA SAEED TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०७/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२४ LT. No. 294911 चलानी नं. ६०२१०२२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 5 | 0 | 1000 | ३६,३६० | | | | | | | |
| 3 | Mason | 3 | 0 | 1000 | ३६,३६० | | | | | | | |
| 4 | Steel Fixer | 5 | 0 | 1000 | ३६,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAWABI HYPERMARKET

पूर्व स्वीकृति मिति २०८०/०२/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२४ LT. No. 286903 चलानी नं. ६०२०२२६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fish Salesman | 1 | 0 | 1400 | ५१,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

सामाजिक सुरक्षा: रू.२,000/- कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TIRUPATI H.R. SOLUTION (P) LTD

Govt. License 1544/078/079

Sinamangal 9, Airport, Kathmandu, Nepal
Tel: 01-5911215, Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIEN YEU GLASSTECH (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२४ LT. No. 282168 चलानी नं. ६०१९७८२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.

श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWIFT INTEGRATED LOGISTICS SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०८/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२४ LT. No. 296063 चलानी नं. ६०२११११११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.

918/067/68

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR CLEANING COMPANY WLL

पूर्व स्वीकृति मिति: २०८०/०८/२२ LT. No. 296117 चलानी नं. ६०२१११९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 40 | 0 | 1000 | ३६,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वार्षिक रूपमा आयोजना हुने यो प्रतिष्ठित अवार्डमा थिएट्रिकल र नन थिएट्रिकल अन्तर्गत विशेषत प्राविधिक विधामा अवार्ड प्रदान गरिन्छ । जसमा कलर ग्रेडिङ, सम्पादन, ध्वनि, भिजुअल इफेक्टहरू पर्छन् र हरेक वर्ष उच्च श्रेणीका क्रियटिभ प्राविधिकहरूलाई अवार्ड दिइन्छ । भरत नन थिएट्रिकल फिचर र डकुमेन्ट्री अन्तर्गतको आउस्टेण्डिङ इडिटिङ विधाको जुरी थिए । यस वर्ष पनि हलिउडबाट निर्माण हुने फिचर फिल्मका साथै नेटफिलिक्स, एचबिव, एपल टिभि प्लस, म्याक्स टिभीलगायतका थिएट्रिकल र नन थिएट्रिकल फिल्म, टेलिभिजन शो, वृत्तचित्र, सिरिजहरूका क्रियटिभ प्राविधिकहरूलाई अवार्ड दिईयो ।

यस वर्ष 'उत्कृष्ट सम्पादन डकुमेन्ट्री' अन्तर्गत डकुमेन्ट्री 'मोनाग डेड्रिम' का लागि निर्देशक तथा सम्पादक 'ब्रेट मोर्गन' ले अवार्ड पाए । 'उत्कृष्ट सम्पादन नन-थिएट्रिकल अन्डर ३० मिनेट अन्तर्गत डार्क कमेडी क्राईम टेलिभिजन सेरिज 'बैरी - अ नाईस मिल'बाट सम्पादक अली ग्रीरले अवार्ड पाए ।

'उत्कृष्ट सम्पादन नन-थिएट्रिकल ओभर ३० मिनेट अन्तर्गत 'द ह्वाईट लोटस-एरिभेडेरिक'बाट सम्पादक जोन एम. भ्यालेरियोले अवार्ड पाए । थिएट्रिकलतर्फ रङ ग्रेडिङ विधामा 'ओपेनहाइमर' फिल्मका लागि फोटोकेम पोष्ट प्रोडक्सन हाउसका कलरिष्ट कोस्टास थिओडोसियो र क्रिस्टन जिम्मरम्यानले अवार्ड पाए भने फिल्म सम्पादनमा सम्पादक जेनिफर लेमले अवार्ड पाए । भिजुअल इफेक्टमा फिल्म 'अवतारः द वे अफ वाटर'बाट 'सर्वोत्कृष्ट भिजुअल इफेक्ट' श्रेणीमा भिजुअल इफेक्ट आर्टिष्टहरू क्रिस एजेन, निक एपस्टेन, वेन स्टेबल्स, पवानी राव बो•पति, वेटा एफएक्सका र सर्गेई नेभ्सुपोभले अवार्ड पाए । 'उत्कृष्ट कलर ग्रेडिङ'का लागि 'स्पाइडर-म्यानः एक्रोस द स्पाइडर-भर्स'बाट पिक्चर शप पोस्ट प्रोडक्सन कम्पनीका कलरिष्ट नताशा लियोनेट, 'हाउस अफ द ड्र्यागन'बाट सोनी पिक्चर्स इन्टरटेनमेन्टको पोस्ट प्रोडक्सन कम्पनी पिक्सोमोन्डो र 'द गडफादर' बाट प्यारामाउन्ट पिक्चर्सले अवार्ड पाए ।

अवार्ड आयोजकसँग अमेरिकन सिनेमा एडिटर्स, अमेरिकन सोसाइटी अफ सिनेमाटोग्राफर्स र सिनेमा अडियो सोसाइटीले सहकार्य गरेका थिए । भरतका अनुसार आयोजकले उनलाई जुरीका लागि सम्पर्क गरेका थिए । 'मेरो प्रोजेक्ट, डकुमेन्टेसन सेलेक्सन पछि यो अवसर पाएँ । हामी जुरीले सहभागी सबै फिल्म हेरेर रिभ्युको सबै प्रक्रिया पुरा गरेर पठाएका थियौं । जुरीहरूको सबै रिभ्यु संकलन पस्चात आयोजकले अवार्ड प्रदान गरेका थिए', भरतले भने ।

स्क्रिन उद्योगमा स्क्रिन राइटर्स गिल्ड र स्क्रिन एक्टर्स गिल्डको लामो आन्दोलनका कारण धेरै मानिसहरूले आफ्नो जीविकोपार्जन गुमाए र व्यवसायीहरूले आफ्ना व्यवसायहरू बन्द गरे। उद्योगका प्रोफेसनलहरूले बाँच्नको लागि ठुलो दुख खप्नुपर्ने अवस्था बन्यो । लामो आन्दोलनको अन्त्य पछि भर्खर लयमा फर्किन लागेको स्क्रिन उद्योगलाई यसले ठुलो हौसलाको काम गरेको थियो ।

त्यस उद्देश्यका लागि अवार्डमा द हलिउड प्रोफेसनल एसोसिएन (एचपिए) ले निर्माण गरेको 'पोस्ट प्रोडक्सन समुदायका धैर्यशिल सदस्यहरूलाई हार्दिक सलाम' भनी वर्णन गरिएको छोटो फिल्मको प्रर्दशन गरिएको थियो ।

## रंगशाला

यू-१९ एसिया कप

# नेपाल अफगानिस्तानसँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं** – यू-१९ एसिया कप क्रिकेटमा नेपाल अफगानिस्तानसँग पराजित भएको छ । समूह चरणको दोस्रो खेलमा नेपालले अफगानिस्तासँग ७३ रनको हार ब्यहोरेको हो । लगातार दुई खेलमा पराजित हुँदै नेपाल प्रतियोगिताबाट बाहिरिएको छ । नेपालले समूह चरणको अन्तिम खेलमा भारतसँग खेल्नेछ । नेपाल पहिलो खेलमा पाकिस्तानसँग हारेको थियो । अफगानिस्तानले प्रस्तुत गरेको २ सय ६२ रनको लक्ष्य पछ्याएको नेपाल ४० दशमलव १ ओभरमा १ सय ८८ रनमा अलआउट हुन पुग्यो ।

ओपनर अर्जुन कुमालले ९१ रनको शानदार इनिङ्स खेलेपनि नेपाललाई जितसम्म पुर्याउन उनीसँग कुनै खेलाडी रहेनन् । अर्जुन अन्तिम विकेटको रूपमा ९१ रनमा आउट भए । उनले १ सय ८ बलमा १३ चौकाको मदतले सो स्कोर खडा गरेका थिए । अर्का ओपनर विपित रावल शुन्य रनमा पेविलियन फर्कदा दिपक बोहोरा १५ र कप्तान देव खनाल २४ रनमा आउट भएका थिए । पाकिस्तानविरुद्ध अर्धशतक हानेका उत्तम मगर ४, आकाश त्रिपाठी शुन्य, गुलसन झा १७, दिपेश कँडेल ११, सुबास भण्डारी ८, हेमन्त धामी शुन्य रनमा पेविलियन फर्किएका थिए ।

पाकिस्तानका फरिदुन दाउदजइ र नसिर खान मारूफखिलले समान ३ तथा मोहम्मद यूनुसले २ विकेट लिएका थिए । वाहिदुल्लाह जादरान र खलिल अहमदले समान एक एक विकेट झारेका थिए । यूएईमा नेपालले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङमा उत्रिएको अफगानिस्तानले ४९ दशमलव २ ओभरमा ८ विकेट गुमाएर २ सय ६१ रन बनाएको थियो । जमसेद जदरानको शतकिय इनिङ्समा अफगानिस्तानले सो स्कोर खडा गरेको हो । ३३ रनमा ३ विकेट गुमाएर खराब सुरुवात गरेको अफगानी इनिङ्सलाई जमसेदले सम्हालेका थिए । उनले नटआउट १ सय ६ रनको शतकिय इनिङ्स खेल्दा ८ चौका प्रहार गरेका थिए ।

ओपनरद्वय खालिद तनिवला १० र वाफिउल्लाह तराखिल १५ रनमा आउट भएको अफगानिस्तानको इनिङ्समा अकरम मोहम्मदजई शुन्य रनमा पेविलियन फर्किएका थिए । जमसेदसँग मिलेर नुमाद शाहले ६० र रहिमुल्लाह जुमातीले ३५ रनको योगदान गरेका थिए । मोहमद युनिस २, खालेल अहमद १३ र नासिर खान ४ रनमा आउट भएका थिए ।

पुछारका दुई ब्याट्सम्यान फरिदुन दाउदजई र वाहिदुल्लाह जादरान शुन्य रनमा आउट भए । नेपालका गुलसन झा, सुबास भण्डारी र हेमन्त धामीले समान २ तथा आकाश चन्द र दिपेश कँडेलले समान एक विकेट लिएका थिए । नेपालले समूह चरणको अन्तिम खेलमा भारतसँग खेल्नेछ ।

त्यसैगरी आइतबारनै भएको अर्को खेलमा पाकिस्तानले भारतलाई पराजित गरेको छ । यससँगै पाकिस्तान ४ अंकसहित अंक तालिकाको शीर्ष स्थानमा रहेको छ भने भारत र अफगानिस्तान समान २ अंकका साथ क्रमशः दोस्रो र तेस्रो स्थानमा छन् भने नेपाल दुवै खेलमा पराजित भएर अंक जोड्न सकेको छैन ।

## प्रकाश दाहालको स्मृतिमा ब्याडमिन्टन हुने

**काठमाडौं (प्रस)–** नेकपा माओवादीका नेता स्व. प्रकाश दाहालको स्मृतिमा प्रथम प्रकाश दाहाल स्मृति राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ ।

बौद्ध लाखेपोखरीस्थित स्पोर्टस् हव नेपाल प्रा.ली.को आयोजनामा पौष २५ गते देखि हुने ब्याडमिन्टन संघको मान्यता प्राप्त वरीयता सहितको राष्ट्रिय प्रतियोगितामा पुरुष एकल, महिला एकल, पुरुष युगल (ब्याडमिन्टन संघको उच्च २० वरीयता बाहेक), स्थानीय स्तर, मास्टर्स युगल ३५ वर्ष माथि र ४५ वर्ष माथि गरी ६ विधामा प्रतिस्पर्धा हुने आयोजक समितिका प्रतियोगिता निर्देशक एवं संयोजक आंग कुसांग शेर्पाले जानकारी गराए ।

करिव २५ लाखको लागत रहेको प्रतियोगितामा विजेता, उपविजेता एवं तृतीय स्थान प्राप्त गर्ने खेलाडीहरूले नगद ४५ हजार, २५ हजार र १० हजार सहित मेडल, प्रमाण पत्र र ट्रफी प्राप्त गर्ने प्रतियोगिताका आर्थिक संयोजक एवं स्पोर्टस् हबका सञ्चालक अस्मेल (अखिल) शाहीले जानकारी गराए ।

राजनैतिक नेताका साथै खेलकुदलाई अतिनै माया गर्ने व्यक्तित्व प्रकाश दाहाल आफ्नो अत्यन्तै निकट रहेकाले उनकै नाममा प्रतियोगिता आयोजना गर्न लागिएको सञ्चालक अखिल शाहीले बताए ।

आयोजकको आफ्नै कोर्टमा हुने प्रतियोगितालाई भव्य रूपमा सम्पन्न गर्न हबका सञ्चालकहरू लाक्पा शेर्पा, सन बहादुर साम्वा समेत रहेको प्रतियोगिता समिति गठन गरिएको आयोजकले जनाएका छन् ।

वरीयता सहितको राष्ट्रिय प्रतियोगिता रहेकाले विगतमा जस्तै करिव ४ सयको हाराहारीमा खेलाडीहरूको उपस्थिति रहने आयोजकले जनाएका छन् ।

एनएसएल फुटबल

# ललितपुर शीर्षस्थानमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुपर लिग एनएसएलमा ललितपुर सिटी एफसी शीर्ष स्थानमा उक्लिएको छ । आईतबार दशरथ रंगशालामा एफसी चितवनलाई ३-१ गोल अन्तरले हराउँदै ललितपुर तालिकाको शीर्ष स्थानमा उक्लिएको हो ।

खेलको १९ औं मिनेटमा पापा इबु केबेको गोलमा ललितपुरले खेलमा अग्रता बनाएको थियो । दिनेश हेन्जनले उपलब्ध गराएको पासमा केबेले ललितपुरका लागि पहिलो गोल गरेका थिए । दोस्रो हाफको सुरुवातमा ललितपुरले दोस्रो गोल थप्यो ।

दिनेश हेन्जनको क्रसलाई बिफल गर्ने क्रममा चितवनका डिफेन्डरले क्लियर गरेको बललाई ललितपुरका विवेक पौडेलले भलीमार्फत गोल गर्न सफल रहे ।

डिबक्स बाहिर रहेका विवेकले खेलको ५७ औं मिनेटमा हेडमार्फत आएको बललाई भली प्रहार गर्दै गोलमा परिणत गरेका थिए । खेलको अन्तिम मिनेटमा राफिक अमिनोले ललितपुरका डिफेन्डरले क्लियर गर्न नसकेको बलमा गोल गर्दै चितवनलाई खेलमा फर्काउने संकेत गरेका थिए ।

तर इन्जुरी समयमा प्राप्त पेनाल्टीमा पापा इबु केबेले पेनाल्टीमा गोल गर्दै ललितपुरको जित सुनिश्चित गरेका थिए ।

खेलको अन्तिम मिनेट चितवन १० खेलाडीमा सिमित हुन पुगेको थियो । दोहोरो पहेलो कार्ड खादै उत्सव राईले इन्जुरी समयमा मैदान छाडेका थिए ।

दुवै टिमले खेल अवधिभर उत्कृष्ट खेल प्रर्दशन गरेका थिए भने एक अर्काविरुद्ध आक्रमक खेल पस्किएका थिए । केही बल गोलकिपरले उत्कृष्ट बचाउ गरे भने केही बल दुवै टिमको पोस्टमा लागेर फर्किएको थियो । इन्जुरी समयमै ललितपुरका केबेको प्रहार पोस्टमा लागेर बाहिरिएपछि उनी ह्याट्रिक गर्न चुकेका थिए ।

ललितपुरले ५ खेलबाट ९ अंक जोड्दै तालिकाको शीर्ष स्थानमा उक्लियो । चितवन ५ अंक सहित पाँचौं स्थानमा यथावत रह्यो ।

# इन्डोनेसियाको समुद्री तटमा रोहिंज्या अलपत्र

**इन्डोनेसिया–** इन्डोनेसियाको पश्चिमी क्षेत्रमा रहेको एक समुन्द्री तटमा आइतबार करिब २०० रोहिंज्या शरणार्थीहरू अलपत्र परेका छन् । सन् २०१५ यता उत्पीडनमा परेका म्यान्मारका अल्पसङ्ख्यक रोहिंज्या समुदायको सबैभन्दा ठूलो सङ्ख्यामा बङ्लादेशमा रहेका शरणार्थी स्थानीय समयअनुसार शनिबार बिहान ३:०० बजे डुंगाबाट आएका हुन् ।

सन् २०१७ मा म्यान्मारको सेनाले गरेको कारबाहीको निशानामा अधिकांश मुस्लिम रोहिंज्या समुदाय परेपछि संयुक्त राष्ट्रसङ्घले नरसंहारको अनुसन्धान शुरू गरेको थियो ।

करिब १० लाख मानिस भागेर बङ्लादेश पुगेका छन् र त्यहाँबाट हरेक वर्ष हजारौंले आफ्नो ज्यान जोखिममा राखेर मलेसिया वा इन्डोनेसिया पुग्न लामो र महँगो समुद्री यात्रा गर्छन् । ‘उनीहरूलाई अवतरण स्थलमा राखिनेछ । यस पटक सरकारले कुनै खर्च बेहोर्ने छैन,’ असेह प्रान्तको पिडि सोसल एजेन्सीका प्रमुख मुस्लिमले बताए ।

उनले शरणार्थीलाई टेन्ट वा अन्य कुनै आधार भूत आवश्यकताको व्यवस्था गर्ने जिम्मेवारी स्थानीय सरकारले नलिने बताए । शरणार्थीहरू समुद्र तटमा भेला भएका र केही महिला (आमा) हरूले आफ्ना बच्चालाई काखमा बोकेको भिडियो स्थानीय सञ्चारमाध्यममार्फत् सार्बजनिक भएको छ । बालबालिकामध्ये कतिपय नाङ्गै अवस्थामा रहेको भिडियोमा देख्न सकिन्छ । लामो समुद्री यात्रापछि आरामका लागि अधिकांश व्यक्ति समुद्र किनारमा सुतेका देख्न सकिनछ ।

मुस्लिमले भने, ‘पिडीमा आश्रयको कुरा गर्ने हो भने अब कुनै ठाउँ उपलब्ध छैन ।’ स्थानीय अधिकारी र स्थानीयबासिन्दाले उत्पीडनमा परेका रोहिंज्यालाई अस्वीकार गर्दै आएका छन् र गत महिना एक हजारभन्दा बढी रोहिंज्यालाई समुद्रमा फर्काउने धम्की दिइरहेका छन् ।

बुधबार असेहको सबाङ टापुमा करिब १५० जना प्रदर्शनकारीले रोहिंज्या शरणार्थीलाई अन्यत्र सार्न माग गर्दै प्रहरीसँग झडप गरेका थिए । राष्ट्रपति जोको विडोडोले स्थानीय समुदायको हितलाई प्राथमिकतामा राखेर शरणार्थीका लागि अस्थायी राहत उपलब्ध गराइने बताए । डुंगाबाट आफ्नो देश पुग्ने रोहिंज्या शरणार्थीको बढ्दो संख्याका पछाडि मानव बेचबिखनको सञ्जालको हात रहेको आरोप लगाउँदै उनले दोषीमाथि कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरे ।

इन्डोनेसियाले संयुक्त राष्ट्रसंघीय शरणार्थी महासन्धिमा हस्ताक्षर गरेको छैन र म्यानमारबाट शरणार्थी ल्याउन बाध्य नहुने बताएको छ । छिमेकी देशहरूले पनि आफ्नो ढोका बन्द गरेका कारण अल्पसंख्यक शरणार्थी समूहलाई जोखिम मोलेर टाढा टाढा पुगी गुजारा चलाउनु बाध्यता बनेको छ । *रासस⁄एएफपी*

# इरानद्वारा १३ हजार अवैध अफगान आप्रवासी निष्कासित

**काबुल–** इरानले १३ हजार २०४ जना अवैध अफगान आप्रवासीलाई निष्कासन गरेको छ । खोरासान रजावीका सीमा सुरक्षा कमान्डर माजिद शोजाइले १३ हजार २०४ ‘अवैध’ अफगान आप्रवासीहरूलाई इरानबाट निष्कासन गरिएको बताएका छन् । खामा प्रेसले उल्लेख गरे अनुसार पत्रकारहरूसँगको कुराकानीमा शोजाईले ‘अवैध’ आप्रवासीहरूलाई निष्कासन गरिनु पर्नेमा जोड दिएका छन् ।

उनले गैरकानूनी रूपमा देश प्रवेश गर्न चाहने वा गैरकानूनी रूपमा यहाँ बसिरहेका अफगान नागरिकहरूलाई पक्राउ गरी निष्कासन गरिने बताएका छन् । पछिल्ला महिनाहरूमा इरान र पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने प्रक्रियाले तीव्रता पाएको छ । हालै इरानका आन्तरिक मामिला मन्त्रीले चार लाख अफगानी आप्रवासीलाई देशबाट निष्कासन गरिएको घोषणा गरेका थिए । *रासस⁄एएनआई*


## अनलाइन पत्रिका बन्द हुने सूचना

**सूचना प्रकाशित मिति २०७९/०८/२५**

यस www.onlinenews7.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नुहुन अनुरोध गर्दछौं ।

**www.onlinenews7.com परिवार**



## सार्वजनिक सूचना

**मुद्दा नं. ०७६-cp-५०३८, ०७६-cp-१५६८, ०७६-cp-५०३९ अभियान फोर्ट नम्बर-९**

काठमाडौं जिल्ला अदालतबाट जारी भएको **लाल बहादुर श्रेष्ठ**को छोरा काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका साविक वडा नं. ३३ वतन भई हाल भक्तपुर जिल्ला चागुनारायण नगरपालिका वडा नं. २ स्थित टीकामाया राईको घरमा डेरा गरी बस्ने बर्ष ५६ को नारायण बहादुर श्रेष्ठका नाउँको ७ (सात) दिने म्याद उप्रान्त वादी तपाई र प्रतिवादी सुजानाराज भण्डारी समेत भएको मु. नं. ०७६-०५-१५६८ को लुटपिट मुद्दा, मु. नं. ०७६-cp-५०३८ को जग्गा खिचोला मुद्दा र मु. नं. ०७६-cp-५०३९ दुषित निर्णय बदर दर्ता बदर समेत मुद्दामा तपाईका नाममा म्याद जारी गरी पठाएकोमा तपाई र तपाईको घर समेत फेला नपरेको भनी वेपत्ते म्याद तामेल भई आएकोले यस अदालतबाट मिति २०८०/०७/२४ मा भएको आदेशानुसार तपाईका नाउँमा यो सात दिने म्याद प्रकाशित गरिएको छ । यो म्याद प्रकाशित भएका मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र यस अदालतमा आफै वा कानून बमोजिम वारेस पठाउनु होला । म्याद भित्र हाजिर नभए कानून बमोजिम हुनेछ। पछि तपाईको कुनै उजुर लाग्ने छैन।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ESHRAQAT CYAN FOR FOOD PROVIDING CO.**

पूर्व स्वीकृति मिति : २०८०/०८/२४ | LT. No.296172 | चलानी नं. ६०२११२०७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Waiter | 2 | 0 | 1200 | ४२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653

Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **THE EASTERN HOUSE COMPANY FOR BEVERAGES**

पुर्व स्वीकृति मिति २०८०/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२४ | LT. No. 292040 | चलानी नं. ६०२०७२३७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | food and beverage counter worker | 12 | 0 | 1200 | ४२,५४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SHWATINA FOR CLEANING & PEST CONTROL SERVICES**

पूर्व स्वीकृति मिति : २०८०/०८/२४ | LT. No. 296145 | चलानी नं. ६०२११२३३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066

**LOTUS Human Resourse Pvt. Ltd**

A Complete Human Resource Company

P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035

Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BRANCH OF ABDUL LATIF AL-HUMIN CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०८०/०३/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२४ | LT. No.289168 | चलानी नं. ६०२०४५३२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Car Mechanic | 1 | 0 | 1500 | ५२,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Mechanic | 2 | 0 | 1800 | ६३,२८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने ⁄प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KHEL AL MADA INDUSTRY COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०८/२४ | LT. No. 296163 | चलानी नं. ६०२११२२०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Coffee | 2 | 0 | 1200 | ४२६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**

Basundhara Chowk-8, Kathmandu, Nepal

Phone No.: +977-1-4364494, 4352243

Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EMIRATES GATEWAY SECURITY SERVICES - LLC**

पूर्व स्वीकृति मिति : २०८०/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२४ | LT No. 292545 | चलानी नं.६०२०७७९९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 237 | 0 | 2000 | ७२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष ३ गते (19th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५१६/०६१/०६२

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**

P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal

Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976

E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AMERSEAL INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२४ | LT. No. 281151 | चलानी नं. ६०१९६७२४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759

Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL ANSAR GOLDEN PACKAGING FACTORY**

पूर्व स्वीकृति मिति २०८०/०८/२४ | LT. No. 296157 | चलानी नं. ६०२११२१४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Manufacturing Worker | 6 | 0 | 1200 | ४२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**

Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601

E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501**| **HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८८०० | प्रति तोला – ११८२५० | प्रति तोला – १४६० |



**घामबाट खाना पकाउने प्रविधि** | कर्णाली प्रदेशको वीरेन्द्रनगरस्थित प्रदेश अस्पतालमा रहेको घामबाट खाना पकाउने प्रविधि 'सोलार कुकिङ सिस्टम'। यो प्रविधि छिटो र सजिलो हुनुका साथै खाना पकाउने लागत समेत घटनाउने गर्छ। तस्बिरः सुरेश आचार्य/रासस

# निर्माण सामग्रीको अभावमा आयोजनाको काम प्रभावित

■ प्रभाव संवाददाता

**काठमाडौं–** म्याग्दीको रघुगंगा गाउँपालिकामा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाले ढुंगा गिट्टी, बालुवा उत्खनन गर्न नपाउँदा निर्माणको काम प्रभावित भएको छ। आयोजनाको स्वीकृति प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) प्रतिवेदनमा उल्लेखित स्थानबाट गिट्टी, बालुवा झिक्न नपाउँदा आयोजनाको काम रोकिने अवस्था आएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।



आयोजना निर्माणका लागि आवश्यक नदीजन्य सामग्री कालीगण्डकी नदीबाट झिक्ने निर्णय भएको थियो तर अदालतको आदेशबाट ती स्थानमा नदीजन्य सामग्री उत्खनन रोकिए पनि आयोजनाको काम पनि प्रभावित भएको प्राधिकरणले जनाएको छ।

सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको २०७८ असार २९ को एकल इजलासले कालीगण्डकी नदी धार्मिक, ऐतिहासिक तथा वातावरणीय महत्वको देखिएकाले रिटको अन्तिम टुंगो नलागेसम्म उक्त नदीको प्राकृतिक बहावलाई पथान्तरण गरी जलाशय बनाउने, प्रदूषण गर्ने, नदीजन्य पदार्थ निकाल्ने, शालिग्रामको चोरी निकासी तथा विनाश गर्नेलगायत प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुनेगरी कुनै पनि कार्य नगर्नू नगराउनू भनी अन्तरिम आदेश जारी गरेको थियो। अदालतको उक्त आदेशपछि नदीजन्य सामग्री उत्खनन रोकिएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, उपकार्यकारी निर्देशक प्रदीपकुमार थिके सम्मिलित टोली शनिबार आयोजनाको अनुगमनमा गएको थियो। उक्त टोलीलाई आयोजना व्यवस्थापन र ठेकेदार कम्पनीले सर्वोच्च अदाललको अन्तरिम आदेशका कारण नदीजन्य सामग्री झिक्न रोक लागेपछि निर्माणमा असर परिरहेको जानकारी गराएका थिए। ऊर्जामन्त्री बस्नेतले समस्या समाधानका लागि प्रयास गर्ने बताएका छन्।

प्राधिकरणका अनुसार मन्त्री बस्नेतले आयोजना निर्माणको प्रगति सन्तोषजनक रहेको, नदीजन्य सामग्री उत्खननमा देखिएको समस्या समाधान गर्न माथिल्लो तहबाट आवश्यक पहल, समन्वय र सहजीकरण गरिने आयोजनाको निर्माण निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिएका थिए।

ठेकेदार कम्पनीले हालको ढुंगा, गिटी, बालुवाजस्ता नदीजन्य निर्माण सामग्रीको अभाव हटेमा आगामी १५ महिनाभित्रमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन्। आयोजनाको समग्र भौतिक प्रगति ६५ प्रतिशत छ। बाँध, मुख्य सुरुङ, विद्युत्गृहलगायत संरचनाको निर्माण भइरहेको छ। छ दशमलव तीन किलोमिटर मुख्य सुरुङमध्ये पाँच दशमलव छ किलोमिटर खनिसकिएको छ। विद्युत्गृहको सिभिल निर्माणसँगै उपकरण जडान पनि भइरहेको छ।

आयोजनाको कङ्क्रिट लाइनिङ, बाँध क्षेत्रका संरचना निर्माणका लागि करिब साढे एक लाख घनमिटर ढुंगा, गिटी, बालुवा आवश्यकपर्ने जनाइएको छ। हाल करिब १० घनमिटर प्राप्त गर्ने ठाउँ मात्र उपलब्ध रहेको आयोजनाको प्रबन्धक कम्पनी रघुगंगा हाइड्रोपावर लिमिटेडका प्रबन्ध-सञ्चालक गणेश केसीले दिए।

'बेनी नगरपालिकाले म्याग्दी खोलामा नदीजन्य सामग्री उत्खननका लागि बोलपत्र आह्वान गरेको थियो। त्यसमा सहभागी भई १० हजार घनमिटर प्राप्त हुने ठाउँ प्राप्त गर्‍यौं, यसैले मात्र पुग्दैन। नदीजन्य निर्माण सामग्री अभावमा काम नै प्रभावित हुने अवस्था आयो। निर्माण सामग्री अभावको समस्या समाधान गर्न माथिल्लो तहबाटै पहल गरिदिनुपर्‍यो', केसीले भने।

सङ्घीय संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा सांसदहरूबाट करिब डेढ वर्षअघि आयोजनाको स्थलगत अनुगमन भ्रमण गरी नदीजन्य निर्माण सामग्री अभावमा आयोजना ढिला हुँदा यसको लागत बढ्ने निष्कर्ष निकालको थियो। समितिले नदी संरक्षणमा हानी नपुर्‍याइ नदीजन्य पदार्थ निकाल्न सरकारले अन्तरिम आदेश सच्च्याउन सर्वोच्च अदालतसमक्ष पुनरावलोकन गर्न उपयुक्त हुने सिफारिस गरेको थियो। नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरणको लगानी र भारतीय निर्यात आयात (एक्जिम) बैंकको सहुलितपूर्ण ऋणमा प्राधिकरणको पूर्ण स्वामित्वको रघुगंगा हाइड्रोपावर लि मार्फत आयोजनाको निर्माण भइरहेको छ।

# अर्थतन्त्र बलियो बनाउनुपर्छ : ओली

■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक–** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अर्थतन्त्र बलियो बनाउँदै नागरिकको जीवनस्तर उकास्नुपर्ने बताएका छन्। झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा-२०८० अन्तर्गत काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरस्थित कुन्तामा आइतबार आयोजित बृहत् जनसभालाई सम्बोधन गर्दै उनले अर्थतन्त्रलाई सबै पक्ष मिलेर उकास्नुपर्ने आवश्यकता औंल्याए।

'अर्थतन्त्रलाई सबै पक्ष मिलेर उकास्नुपर्छ र नागरिकको जीवनस्तर सबल बनाउँदै जानुपर्छ', अध्यक्ष ओलीले भने। उनले लोकतन्त्रको संस्थागत विकास गर्दै यसका प्रणालीलाई सही ढंगले अघि बढाउन सुझाव दिँदै सरकारले जनतामा निरासा आउन नदिने गरी काम गर्न सुझाव दिए। 'अर्थतन्त्र बलियो नहुँदा जनतामा निरासा छाएको देखियो, यसमा सरकारलगायत सबै पक्षले अब आ-आफ्नो दायित्वप्रति गम्भीर हुनुपर्छ', उनले थपे।

अध्यक्ष ओलीले उद्यमशीलतामा जोड दिए रोजगारीका अवसर आफैं सिर्जना हुने भएकाले यसप्रति जोड दिनुपर्ने बताए। उनले भने, 'रोजगारी हैन, उद्यमशीलता प्रमुख विषय हो, उद्यमशीलताले रोजगारी सिर्जना गर्ने हो, यसरी अरूलाई पनि रोजगारी दिन सकिन्छ।' उनले इन्द्रावती नदीको पानी टनेलमार्फत ल्याई मण्डनदेउपुर र पाँचखालको फाँट हराभरा बनाउन सकिने तथा यस भेगका युवामा आफूले खेलकुदमा आकर्षण देखेकाले 'मल्टिपरपोज' खेल मैदान निर्माण गर्न सकिने बताए।

अध्यक्ष ओलीले कृषिमा आधुनिकीकरण र व्यावसायिकीकरण हुनुपर्ने उल्लेख गर्दै प्रविधिको प्रयोग गरी उत्पादन बढाउनुपर्ने बताए। 'अन्य व्यवसायलाई निर्वाहमुखी हैन, विकासमुखी र परिवर्तन गर्नेगरी अघि बढाउनुपर्छ', उनको तर्क थियो। उनले समृद्ध नेपाल निर्माणको सपना साकार पार्न आफ्नो पार्टीले संकल्प यात्रा थालेको बताउँदै देश र जनताको स्वाभिमानलाई झुक्न नदिने गरी उत्साहजनक ढंगले यात्रा अघि बढिरहेको जनाउँदै खुसी व्यक्त गरे।

कार्यक्रममा पार्टीका पोलिटब्यूरो सदस्य गोकुल बाँस्कोटाले युवा पलायन भइरहेको वर्तमान अवस्थामा कृषियोग्य जमिनमा उपजका लागि सिँचाइ र चिस्यान केन्द्र व्यवस्थापन गर्न सके देशको जनशक्ति रोक्दै जान सकिने धारणा राखे।

## कर्पोरेट

### सिबिआइएल सेक्यूरिटिज सञ्चालनमा



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंकको सहायक कम्पनी सि.बि.आई.एल. सेक्यूरिटिज संचालनमा आएको छ। धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ७ उपनियम १ मा प्रचलित कानून बमोजिम स्थापना भएको बैंक वा बित्तीय संस्थाले आफ्नो शतप्रतिशत स्वामित्व भएको सहायक कम्पनी मार्फत धितोपत्र दलालको रूपमा कार्य गर्न सक्ने व्यवस्था अनुरूप दर्ता भएर सञ्चालमा आएको हो।

धितोपत्र दलाल नं. ९१ सदस्यता भएको कम्पनीको सञ्चालक समितिका अध्यक्ष प्रवल जंग पाण्डेले उद्घाटन गरे। उक्त अवसरमा पाण्डेले संस्थाको पूर्ण सफलताको कामना गर्दै धितोपत्र बजारमा सि.बि.आई.एल. सेक्यूरिटिजले आफ्नो छुट्टै पहिचान बनाउने धारणा व्यक्त गरे। साथै सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले यस संस्था सिटिजन्स बैंकको पूर्ण स्वामित्वमा खोलिएको पहिलो संस्था भएको र आगामी दिनहरूमा अरु विभिन्न किसिमका सेवा सुविधाहरू ग्राहकहरू माझ ल्याउने गरि थप संस्थाहरूको स्थापना गर्न सकिने धारणा व्यक्त गरे। यो संस्था बैंकको कुपन्डोलस्थित आफ्नै भवनबाट संचालनमा ल्याइएको छ। उक्त उद्घाटन समारोहमा सिटिजन्स बैंकका संचालकज्यूहरू, प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापन लगायत उक्त सेक्यूरिटिजका संचालकहरू, कम्पनी कर्मचारीहरूको उपस्थिति थियो।

### ग्लोबल आइएमईका एकैसाथ ४ नयाँ शाखा

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले एकैसाथ ४ वटा नयाँ शाखा कार्यालयहरू सञ्चालनमा ल्याएको छ। बैंकले काठमाडौंको बूढानिलकण्ठ नगरपालिका-५, बूढानिलकण्ठ, काठमाडौंकै चन्द्रागिरी नगरपालिका-१३, दहचोक, चितवनको भरतपुर महानगरपालिका-८, शरदपुरमा र तनहूँको आबुँखैरेनी गाउँपालिका-३, आबुँखैरेनीमा नयाँ शाखा सञ्चालनमा ल्याएको हो। नयाँ शाखाहरूबाट आइतबारदेखि नै सम्पूर्ण बैंकिंग सेवाहरू उपलब्ध हुनेछ। ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो।




बैंकले ३५५ शाखा, ३७६ एटीएम, २७४ शाखा रहित बैंकिंग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढी सेवा केन्द्रबाट ४६ लाख भन्दा बढी ग्राहकहरूमाझ उत्कृष्ट सेवा प्रदान गरिरहेको छ। त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्रयाउँदै आएको छ।

# तेस्रोपटक सर्किट लागेपछि १२ बजे नै कारोबार बन्द

## १११ अंकले बढ्यो नेप्से परिसूचक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा छ प्रतिशतको वृद्धि भएसँगै आइतबारको कारोबार बन्द भएको छ। आइतबारको कारोबारपछि परिसूचक एक सय ११ दशमलव २० अंकले बढेर एक हजार नौ सय ६३ दशमलव ९८ को विन्दुमा कायम भएको नेप्सेले जनाएको छ।

बिहान ११ बजेर पाँच मिनेटमा नेप्से परिसूचकमा चार प्रतिशतको वृद्धि अर्थात् पहिलो सकारात्मक सर्किट लागेसँगै २० मिनेटका लागि कारोबार रोकिएको थियो। एघार बजेर २५ मिनेटमा कारोबार खुलेको दुई मिनेटमै दोस्रोपटक सकारात्मक सर्किट लागेको थियो। परिसूचकमा पाँच प्रतिशतको वृद्धि देखिएपछि ४० मिनेटका लागि कारोबार रोकिएको थियो। त्यस्तै, नेप्से परिसूचकमा १२ बजेर ७ मिनेटमा छ प्रतिशतको वृद्धि अर्थात् तेस्रोपटक सकारात्मक सर्किट लागेपछि दिनभरिको कारोबार स्थगित गरिएको हो।

हाल कार्यान्वयनमा रहेको 'सर्किट ब्रेक'सम्बन्धी व्यवस्थाअनुसार कारोबार सुरु भएको पहिलो घण्टामा नेप्से परिसूचक ४ प्रतिशतले घटे वा बढेमा २० मिनेटसम्म कारोबार बन्द गर्ने व्यवस्था छ। त्यस्तै, दोस्रो घण्टामा ५ प्रतिशतले घटे वा बढेमा ४० मिनेट र तेस्रो घन्टा वा त्यसपछिको समयमा ६ प्रतिशतले घटे वा बढेमा बाँकी पूरै दिनको कारोबार स्थगन हुने व्यवस्था छ। सो व्यवस्थाअनुसार कारोबारमा छ प्रतिशतको वृद्धि देखिएसँगै दिनभरिका लागि कारोबार स्थगन गरिएको नेप्सेका सूचना अधिकारी मुराहरि पराजुलीले राससलाई जानकारी दिए।

दुई सय ४४ कम्पनीको १३ लाख ६७ हजार छ सय १५ कित्ता शेयर सात हजार १४ पटक खरिदबिक्री हुँदा रू ४८ करोड २४ लाख ८२ हजार दुई सय ३९ बराबरको कारोबार भएको छ। रिलायन्स फाइनान्स लिमिटेड, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, राप्ती हाइड्रो एन्ड जेनरल कन्स्ट्रक्सन कम्पनी लिमिटेड, शुभम् पावर लिमिटेड र कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

नेपाल राष्ट्र बैंकले गत शुक्रबार मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत कर्जा बिस्तार र ब्याजदर घटाउने विषयमा केहि लचिलो नीति लिएको थियो। लचिलो मौद्रिकको सकारात्मक प्रभाव बजारमा देखिएको छ। मुख्यगरी पुँजीबजारसँग सम्बन्धित विषयमा राष्ट्र बैंकले सेयर धितो कर्जाको जोखिम भार घटाई एक सय २५ प्रतिशत कायम गरेको थियो। त्यस्तै, मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा मार्फत राष्ट्र बैंकले बैंक दरलाई सात दशमलब पाँच प्रतिशतबाट घटाएर सात प्रतिशतमा कायम गरेको थियो भने नीतिगत दरलाई छ दशमलब पाँच प्रतिशतबाट घटाएर पाँछ दशमल पाँच प्रतिशतमा कायम गरेको थियो। त्यसैगरी निक्षेप संकलन बोलकबोल दरलाई साढे चार प्रतिशतबाट घटाएर ३ प्रतिशत कायम गरिएको थियो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ